



# नागरिक बजेट

## आर्थिक वर्ष २०८२/०८३

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट, कर्णाली प्रदेश, नेपाल**

# नगर प्रमुखको शुभकामना



नागरिकमुखी बजेट अभ्यासले स्थानीय शासनमा पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागितालाई सुदृढ बनाउने हाम्रो दृढ विश्वास हो । यही विश्वासका साथ खाँडाचक्र नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को बजेटलाई सरल, बुझ्न सहज र नागरिकमैत्री स्वरूपमा प्रस्तुत गर्न **'नागरिक बजेट'** प्रकाशन गरेको छ । आजका दिनमा स्थानीय तहका योजनाहरू नागरिकका आवश्यकता, अपेक्षा र प्राथमिकतामा आधारित हुन जरूरी छ । यस प्रक्रियालाई व्यवस्थित र संस्थागत बनाउन नागरिक बजेट महत्त्वपूर्ण दस्तावेजका रूपमा स्थापित हुँदै गएको छ । यसले बजेट निर्माणको आधार, प्राथमिकता निर्धारण तथा श्रोत-साधन व्यवस्थापनबारे नागरिकलाई स्पष्ट जानकारी प्रदान गर्दै नगरपालिका र नागरिकबीचको सहकार्यलाई अझ मजबुत बनाउँछ । खाँडाचक्र नगरपालिकाले यस वर्ष शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि तथा आयआर्जन प्रवर्द्धन, पूर्वाधार विकास, महिला तथा बालमैत्री कार्यक्रम, सूचना-प्रविधि विस्तार र वातावरण संरक्षणलाई प्रमुख प्राथमिकता क्षेत्रका रूपमा समावेश गरेको छ । दिगो विकासका लक्ष्य प्राप्त गर्न यी क्षेत्रमा केन्द्रित लगानी आवश्यक रहेको हाम्रो निष्कर्ष छ । नगरपालिकाले बजेट प्रक्रिया पारदर्शी, समावेशी र परिणाममुखी बनाउने प्रतिबद्धता राखेको छ । प्रस्तुत नागरिक बजेटबाट नगरवासीले नगरपालिकाको वित्तीय नीति तथा विकास योजनाको सन्देश स्पष्ट रूपमा बुझ्न सक्नेछन् भन्ने हाम्रो विश्वास छ । साथै, विकासका कार्यमा नागरिकको निरन्तर सहभागिताले हाम्रो सामूहिक प्रयासलाई अझ प्रभावकारी बनाओस् भन्ने अपेक्षा गर्दछु ।

**कमल बहादुर शाही**
नगर प्रमुख, खाँडाचक्र नगरपालिका

# नागरिक बजेटको उद्देश्य

**यस नागरिक बजेटको उद्देश्यहरू यस प्रकार रहेका छन्:**

- नगरपालिकाको वार्षिक बजेटलाई सरल, स्पष्ट र बुझ्न सकिने भाषामा प्रस्तुत गर्नु तथा बजेटका आय र खर्चका प्रमुख श्रोत तथा क्षेत्रहरूबारे नागरिकलाई जानकारी दिनु।
- नागरिकले तिरेको कर कहाँ, कसरी खर्च भइरहेको छ भन्ने विषयमा जवाफदेहिता सुनिश्चित गर्नु।
- शिक्षा, स्वास्थ्य, पूर्वाधार, रोजगारी, महिला तथा बालमैत्री कार्यक्रमहरूमा बजेटको प्राथमिकता देखाउनु।

# तथ्यांकको श्रोत

यस नागरिक बजेट खाँडाचक्र नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को नगरस्तरिय बजेट योजना तथा तथा कार्यक्रम पुस्तिकाको आधारमा तयार पारिएको हो। यो पुस्तिकाको पूर्णपाठ तलको लिंकमा क्लिक गरेर वा तलको क्यूआर कोड स्क्यान गरेर पढ्न सकिन्छ।


Link: ***https://tinyurl.com/jyxmvnna***

# बजेटका प्रमुख विषयहरु

**कुल बजेट :** रु. ५४ करोड १४ लाख ८ सय ६०
**अंकमा :** ५४,१४,००,८६०
**अक्षर :** रु. चौवन्न करोड चौध लाख आठ सय साठी

**कुल चालु बजेट** (प्रशासनिक र सञ्चालन खर्च):
**३७ करोड ५९ लाख ४१ हजार ३ सय रुपैयाँ मात्र**


**कुल पुँजीगत बजेट** (विकासनिर्माण तथा कार्यक्रम सञ्चालन खर्च):
**१६ करोड ५४ लाख ५९ हजार ५ सय ६० मात्र**




# गतवर्षको कुल बजेट र चालु वर्षको कुल बजेट




# बजेटका आय श्रोतहरु



# क्षेत्रगत बजेट विनियोजन



# आर्थिक विकास


कृषि
३ करोड
६८ लाख
पशुपन्छी विकास
४ लाख
कुल बजेट
५ करोड
१८ लाख
उद्योग
१४ लाख
जलश्रोत तथा सिँचाइ
१ करोड
३२ लाख

# सामाजिक विकास

## २५ करोड २० लाख ६८ हजार
**कुल बजेट**

### सामाजिक विकास

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**
८० हजार

**सामाजिक सुरक्षा तथा संरक्षण**
७२ लाख

**स्वास्थ्य**
२ करोड ६० लाख ९३ हजार

**खानेपानी तथा सरसफाई**
१ करोड २ लाख ५५ हजार

**शिक्षा**
२० करोड ७२ लाख ५० हजार

**भाषा तथा संस्कृती**
११ लाख ९० हजार



## कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च
## कुल: १४ करोड ९१ लाख ६७ हजार ३ सय

# पुर्वाधार विकास

यातायात पूर्वाधार
३ करोड ५९ लाख

**कुल बजेट**
८ करोड १४ लाख ६५ हजार ५ सय ६०

सम्पदा पूर्वाधार
४ लाख ४० हजार

भवन, आवास तथा सहरी विकास
४ करोड ५१ लाख २५ हजार ५ सय ६०

# सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

**विपद् व्यवस्थापन**
२० लाख

**श्रम तथा रोजगारी**
४० लाख


## कुल बजेट
## ६९ लाख



**तथ्यांक प्रणाली**
५ लाख

**गरिवी निवारण**
४ लाख

# लैंगिक उत्तरदायी बजेट
## (Gender Responsive Budget)



# बजेटका प्रमुख कार्यक्रमहरू

- सियला देखि वडा कार्यालय हुँदै खापर कालिका मन्दिर जाने पर्यटकिय पदमार्ग निर्माण खाँडाचक्र नगरपालिका-१० कालिकोटको लागि रू. १५ लाख ।
- जिन्जेडी बदालकोट तटबन्धन खाँडाचक्र नगरपालिका-११ कालिकोटको लागि रू. १५ लाख ।
- कृषि तथा पशुपन्छी फर्म घेरबार खाँडाचक्र नगरपालिका-४ कालिकोटको लागि रू. १० लाख ।
- दोविना नाक्चा पर्यटकिय विश्रामस्थल निर्माण खाँडाचक्र नगरपालिका-२ कालिकोटको लागि रू. १५ लाख ।
- मर्छनी गैरखेत खानेपानी तथा सिँचाइ योजना खाँडाचक्र नगरपालिका-४ कालिकोटको लागि रू. १५ लाख ।
- दलित सेरा सिँचाइ कुलो निर्माण खाँडाचक्र नगरपालिका-६ कालिकोटको लागि रू. १५ लाख ।
- बेल्केडाँडा रतिमोड तटबन्धन योजना खाँडाचक्र नगरपालिका-१ कालिकोटको लागि रू. १५ लाख ।
- अमेली खोलादेखि कार्कीवाडासम्म सिँचाइ कुलो निर्माण खाँडाचक्र नगरपालिका-७ कालिकोटको लागि रू. १५ लाख ।
- घडिना सिँचाइ कुलो निर्माण खाँडाचक्र नगरपालिका-६ कालिकोटको लागि रू. १५ लाख ।
- ढोर वरातु तटबन्धन योजना खाँडाचक्र नगरपालिका-११ कालिकोटको लागि रू. १५ लाख ।
- गिठापानी डोल्पाडा सिम्डोल  सडक निर्माण तथा स्तरोन्नतीको लागि रू. १० लाख ।
- सडक मापदण्ड गुरुयोजना निर्माणको लागि रू. १५ लाख ।
- बचौट घरदेखि सिम्लेखोलासम्म आर.सि.सि. सडक निर्माणको लागि रू. २५ लाख ।
- रोहोटे पानीदेखि शैनिक व्यारेकसम्मको आर.सि.सि. बाटो निर्माण खाँडाचक्र नगरपालिका-१ कालिकोटको लागि रू. २५ लाख ।
- चौरीखोलीदेखि तलसेरासम्म ठूलीकुलो सिँचाइ आयोजना निर्माण खाँडाचक्र नगरपालिका-७, ८, ९ कालिकोटको लागि रू. ५० लाख ।
- पञ्चदेवल सामुदायिक भवन खाँडाचक्र नगरपालिका-२ कालिकोटको लागि रू. २५ लाख ।
- बीपी स्मृति भवन निर्माण खाँडाचक्र नगरपालिका-१ कालिकोटको लागि रू. ५० लाख ।

अनुसूची-१

# बजेटमा प्रयोग हुने मुख्य शब्दावली र त्यसको अर्थ

- **बजेट:** सरकारी बजेट कुनै निश्चित समयको लागि सरकारले पूर्वानुमान गरेको आम्दानी र खर्चको विवरण हो। यस्तो बजेट विशेषगरी एक वर्षको हुन्छ। बजेटमा सरकारले कुनै आर्थिक वर्षको लागि आम्दानी हुने अनुमानित श्रोत पहिल्याउँछ भने त्यसको आधारमा कुल आम्दानी कति हुन्छ र त्यसलाई कहाँकहाँ खर्च गरिन्छ भनेर राखिएको हुन्छ।

- **आर्थिक वर्ष:** आर्थिक वर्षलाई वित्तीय वर्ष पनि भनिन्छ। यसलाई अँग्रेजीमा Fiscal Year भनिन्छ। जुन सामान्यतया पात्रोको वर्षसँग मेल नखान सक्छ। उदाहरणको लागि नेपालमा वैशाख १ गते नयाँ वर्ष सुरु भइ चैत मसान्तमा सकिन्छ भने आर्थिक वर्ष श्रावण १ गते सुरु भइ असार मसान्तमा सकिन्छ।

- **नीति तथा कार्यक्रम:** सरकारले कुनै आर्थिक वर्षको बजेट ल्याउनुअघि उक्त बजेट केकस्ता कार्यक्रमहरूमा केन्द्रित र के कुरालाई प्राथमिकता दिइएको छ भनी प्रस्तुत गरिने दस्ताबेज नै नीति तथा कार्यक्रम हो। संघीय सरकारको नीति तथा कार्यक्रम संघीय संसदमा राष्ट्रपतिले, प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रदेश सभाको बैठकमा प्रदेश प्रमुखले र स्थानीय तहमा प्रमुख वा उपप्रमुखले नगर सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने प्रचलन रहेको छ।

- **बजेट आउने समय:** नेपालमा तीन तहका सरकारले नेपालको संविधानको अनुसूची ५-९ सम्म उल्लेख भएका अधिकारहरूको कार्यान्वयन र सरकार सञ्चालनका लागि हरेक आर्थिक वर्षको बजेट ल्याउने गर्छन्। संघीय सरकारले जेठ १५ गते, प्रदेश सरकारले असार १ गते र स्थानीय सरकारले असार १० गतेभित्रमा आगामी आर्थिक वर्षको बजेट ल्याइसक्नुपर्दछ। स्थानीय तहको बजेट वक्तव्य गाउँ/नगर सभामा उपप्रमुखले प्रस्तुत गर्छन्।

- **आन्तरिक राजश्व:** स्थानीय सरकारलाई नेपालको संविधान २०७२ ले प्रदान गरेका एकल अधिकारअन्तर्गत र स्थानीय सरकार सञ्चालन ऐनबमोजिम स्थानीय तहले निर्धारण गरी संकलन गरेको राजश्व नै स्थानीय तहको आन्तरिक राजश्व हो। यसमा कर राजश्व र गैरकर राजश्व पर्दछन्।

- **कर राजश्व:** कर राजश्व भन्नाले स्थानीय तहले उक्त स्थानीय तहभित्रका व्यक्तिगत तथा व्यवसायिक

क्रियाकलापहरूको लागि तोकेको निश्चित दरको कर हो । सरकारले जनता र संस्थाहरूबाट अनिवार्य रूपमा कर रूपमा संकलन गर्छ । जस्तै घर भाडामा लगायवापत कर, व्यवसाय कर आदि ।

- **गैरकर राजश्वः** गैरकर राजश्व विशेषगरी सेवा शुल्कको रूपमा रहन्छ । नगरपालिकाले सेवा वा सुविधा उपलब्ध गराए वापत शुल्क लिन सक्छ । जस्तैः सिफारिस शुल्क, जन्म दर्ता गर्दा लाग्ने शुल्क ।

- **राजश्व बाँडफाँडवापतको रकमः** स्थानीय तहले संघीय सरकार र प्रदेश सरकारले संकलन गरेको राजश्वको बाँडफाँड वापतको रकम प्राप्त गर्ने गर्दछ ।

- **सशर्त अनुदानः** नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दछ । सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्छ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्छ । उदाहरणको लागि खाँडाचक्र नगरपालिकालाई खाँडाचक्र नगरपालिकाको कुनै एउटा विद्यालय भवन निर्माणको लागि रू ४० लाख उपलब्ध गरायो भने सो रकम यहि कामको लागि मात्र खर्च गर्नुपर्छ । सशर्त अनुदानको रकम सोहि उद्देश्यमा खर्च गर्न नसके संघीय सरकारमा फिर्ता जान्छ ।

- **विशेष अनुदानः** नेपाल सरकारले कुनै  विशेष उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्दछ । प्रदेशले स्थानीय तहलाई प्रदेश कानूनबमोजिम विशेष अनुदान प्रदान गर्ने गर्छन् । उदाहरणका लागि संघीय सरकारले खाँडाचक्र नगरपालिकामा बसोबास गरिरहेका दलित समुदायका बालबालिकाको लागि छात्रवास बनाउन रू ३५ लाख विशेष अनुदान उपलब्ध गराउन सक्छ । सशर्त अनुदानको रकम सोहि उद्देश्यमा खर्च गर्न नसके संघीय सरकारमा फिर्ता जान्छ ।

- **वित्तीय समानीकरण अनुदानः** नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान प्रदान गर्दछ । नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो श्रोतबाट उठेको राजश्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा प्रदेश कानूनबमोजिम र आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान प्रदान गर्दछ ।

- **समपुरक अनुदानः** नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्दछ । समपूरक अनुदान प्रदान गर्दा योजनाको सम्भाव्यता, योजनाको लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा

भौतिक क्षमता वा जनशक्ति र योजनाको आश्यकता र प्राथमिकतालाई आधार बनाइन्छ। त्यस्तै प्रदेशले पनि समपुरक अनुदान दिन सक्छ। यो अनुदान पाउन स्थानीय तहले पनि केहि रकम आफूले विनियोजन गर्नुपर्छ। उदाहरणको लागि खाँडाचक्र नगरपालिकाको रोहोटे पानीदेखि शैनिक व्यारेकसम्मको आर. सि.सि. बाटो निर्माणको लागि रू. ८४ लाख लागत लाग्छ भने स्थानीय सरकारले आफूले रू. ४२ लाख विनियोजन गरि रू. ४२ लाख संघीय सरकारसँग समपुरक अनुदानको रूपमा माग गर्न सक्छ।

- **ऋण**: स्थानीय तहहरूले बजेट निर्माणका क्रममा आन्तरिक तथा बाह्य ऋण लिन सक्छन्।

- **गैरसरकारी अनुदान**: स्थानीय तहहरूमा विकासका गतिविधिहरू सञ्चालन गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूले स्थानीय तहहरूलाई अनुदान दिन सक्छन्।

- **पुँजीगत खर्च**: पुंजीगत खर्च भनेको सरकारले यातायात, मेसिनरी उपकरण, भवन, स्वास्थ्य तथा शिक्षा पूर्वाधार आदिमा खर्च गर्ने रकम हो। यसमा स्थीर सम्पतिहरू जस्तै जग्गा खरिद, पुल निर्माण, कुलो निर्माण  जस्ता कुरा पर्छन्। सबै विकास निर्माणका आयोजनाहरू पुँजीगत खर्चअन्तर्गत पर्दछन्।

- **चालु खर्च**: सार्वजनिक सेवा प्रवाहका लागि हुने दैनिक प्रशासनिक गतिविधि सञ्चालन खर्च नै चालू खर्च हो। कर्मचारीको तलब, जनप्रतिनिधिको सेवा सुविधा र कार्यालय सञ्चालनको क्रममा हुने अन्य प्रशासनिक खर्च चालु खर्चअन्तर्गत पर्दछन्। स्थानीय तहको चालु खर्च पुँजीगत खर्चभन्दा धेरै हुन्छ। यसको कारण के हो भने सरकारको ठूलो रकम सामाजिक सुरक्षा जस्तै वृद्धभत्ता, शिक्षकहरूको तलब आदिमा जान्छ, जुन चालु खर्चअन्तर्गत राखिएको हुन्छ।

## नागरिक बजेटको लागि सहजीकरण

## सम्पर्क

**खाँडाचक्र नगरपालिका,**
**नगरकार्यपालिकाको कार्यालय**
**मान्म, कालिकोट**
**फोन: +९७७ ०८७४४००१२**
**इमेल: ito.khandachakra@gmail.com/**
**khandachakra.mun@gmail.com**

सशक्त महिला, समृद्ध नेपाल
EMPOWERED WOMEN PROSPEROUS NEPAL
Co-funded by the European Union
UNITED NATIONS NEPAL
KIRDARC